मिति २०८२/०६/३० गते तदअनुसार ने.सं. ११४५ कौलागा दशमी, विहीबार विहान ११:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १५३ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

उपस्थिती

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय वहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान वहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री वालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

बैठक संख्याः-१५३

मितिः-२०८२/०६/३०

नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा।

२.मनोसामाजिक कर्ताको पदपुर्ती/नियुक्ती सम्बन्धमा।

३.कोशेली घर संचालन सम्बन्धमा।

४.आर्थिक सहयोग/सहायता सम्बन्धमा।

५.राजश्व नबुझाएका कारण सिल गरिएका इट्टा भट्टाहरुलाई कानूनी कारवाही अगाडी बढाउने सम्बन्धमा।

६.महिला उद्यमी विशेष औद्योगिक ग्रामको DPR संशोधन गर्ने सम्बन्धमा।

७.पा.न.पा. वडा नं ३ स्थित दर्शन ढुङ्गे न्युरे खोल्सा कुलो/बाटो मर्मत सम्बन्धमा।

८. पा.न.पा. वडा नं १३ स्थित तिमालवेशी कुलो मर्मत सम्बन्धमा।

९.वडा नं ११ स्कुलमुनी देखि धारापानी बेलघारीसम्म मोटरबाटोका लागि रकम थप सम्बन्धमा।

१०.पा.न.पा. वडा नं ५ कोटदेवी मन्दिरको वाल निर्माण सम्बन्धमा।

११.सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिको आवश्यक स्थानमा BPT निर्माणको लागि बजेट व्यवस्थापन सम्बन्धमा।

१२.विविध।

बैठक संख्या १५३

मिति २०८२/०६/३०

नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

मिति २०८२/०४/०८ गते मनोसामाजिक परामर्शकर्ता पाचौं तह सेवा करारमा पदपुर्ती गर्न प्रकाशित सूचना बमोजिम पर्न आएका आवेदकबाट लिखित तथा अन्तरवार्ता संचालन गरि मिति २०८२/०५/२३ गते नतिजा प्रकाशन गरि पाँचखाल नगरपालिका वडा ६ निवासी सुधा सापकोटालाई मिति २०८२/०५/३१ को निर्णयानुसार मिति २०८२/०६/०२ देखि लागु हुने गरी करार नियुक्ती दिए पश्चात निजको सुरक्षित आप्रवासन कार्यक्रम(चौथो चरण) संचालन मार्ग निर्देशिका २०८१ मा तोकिएको वमोजिमको न्यूनतम शैक्षिक योग्यता नभएको जानकारी कार्यालयलाई हुन आएको हुँदा निजलाई दिइएको करार नियुक्ती वदर गरी उक्त पदपूर्ति सम्बन्धमा भएका सबै प्रकृयाहरु स्थगन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस नगरपालिकाको देवीथान महिला समुह पाँचखाल ४ ले स्थानीय महिला उद्यमी तथा कालिगढले उत्पादन गरेका हस्तकला, कृषि उत्पादन, लगायतका अन्य स्थानीय उत्पादनहरु विक्रि वितरण गरी पाँचखाल नगर क्षेत्रका महिलाहरुको रोजगारी तथा आय बढाउने उद्धेश्य लिइ कोशेली घर निर्माणको लागि माग गरे बमोजिम सोहि समुह मार्फत वागवानी केन्द्र पाँचखालबाट कृषि बजार समितिलाई भोगचलन गर्न दिएइको तामाघाट बोहोरेदोभान सडक किनारामा निर्माण गरिएको कोशेली घर नेपाल सरकार, प्रदेश सरकार वा पाँचखाल नगरपालिकाबाट पछि कुनै निर्णय भई अन्य प्रयोजनको लागि प्रयोग हुने निर्णय भएमा सोहि बमोजिम हुने गरी हाललाई उक्त भवन देवीथान महिला समुह पाँचखाल -४ लाई निशुल्क रुपमा प्रयोग गर्न दिने निर्णय गरियो। साथै उक्त देवीथान महिला समुहद्वारा निर्माण गरिएको कोशेली धरको प्राविधिक मूल्याङ्कन बमोजिमको रकम सम्बन्धित शीर्षकबाट उक्त समुहलाई भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ४**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नवराज गौतम | पा.न.पा. ५ | १००००/- | मृगौलामा समस्या |
| २ | देवी परियार | पा.न.पा. ८ | १००००/- | निमोनिया |
| ३ | धनमाया सार्की | पा.न.पा. १० | १००००/- | उपचाररत |

| | | | | |
|---|---|---|---|---|
| ४ | मैया कामी | पा.न.पा. ७ | १००००/- | मुटुको समस्या |
| ५ | जित बहादुर सार्की | पा.न.पा. १० | १००००/- | उपचाररत |
| ६ | सुनिल श्रेष्ठ | पा.न.पा. ५ | २००००/- | कार्यालयको योजना अनुगमन गर्न जाने क्रममा दुर्घटना परी घाइते भएको |
| ७ | धन बहादुर तामाङ | पा.न.पा. ११ | १००००/- | जापनिज इन्सेफलाइटिस |
| ८ | चुना बहादुर सार्की | पा.न.पा. ९ | १००००/- | उपचाररत |

**निर्णय नं. ५**

विभिन्न इट्टा भट्टाहरुलाई राजश्व बुझाउन विभिन्न समयमा पत्राचार तथा सूचना गरिएता पनि अटेर गरी राजश्व बुझाउन नआएका इट्टा उद्योगहरुमा कार्यालयले शिल गरी विक्री वितरणमा रोक लगाउदा समेत नियमानुसार बुझाउनु पर्ने राजश्व बुझाउन नआएका हुँदा राजश्व असुलीका लागि कानूनी उपचार प्रकृया अघि बढाउने निर्णय गरियो।

**निर्णय नं. ६**

पाँचखाल नगरपालिका वडा नं ७ स्थित महिला उद्यमी विशेष औद्योगिक ग्रामको संशोधित DPR स्वीकृत गर्ने निर्णय गरियो साथै यस पाँचखाल नगरपालिकामा निर्माण हुने चरणमा रहेको महिला उद्यमीहरुले मात्र उद्योग स्थापना र संचालन गर्ने हरित र कृषिमा आधारित भएकोले यस औद्योगिक ग्रामलाई महिला उद्यमी विशेष औद्योगिक ग्रामको रुपमा कम्तीमा १२ करोड रुपैया बजेट विनियोजन गरी सहयोग गरि दिन एवम् उक्त औद्योगिक ग्रामलाई नमुना औद्योगिक ग्रामको रुपमा छनौट गरी दिन उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. ७**

मर्मत संभार कोष खर्च शीर्षकबाट प्राविधिक इष्टिमेट वमोजिम हुने गरी पा.न.पा. ३ स्थित दर्शन ढुङ्गे न्यूरेखोल्सा कुलो तथा वाटो मर्मत सुधार गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

मर्मत संभार कोष खर्च शीर्षकबाट प्राविधिक इष्टिमेट वमोजिम रकम भुक्तानी हुने गरी पा.न.पा. वडा नं १३ स्थित तिमालवेशी कुलो मर्मत सुधार गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

पा.न.पा. ११ स्थित स्कुल मुनि देखि धारापानी बेलघारीसम्मको मोटर बाटोका लागि स्विकृत कार्यक्रमको विनियोजित वजेटमा प्राविधिक इष्टिमेट वमोजिम नपुग हुन जाने रकम(वजेट) नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट थप गरी मोटर बाटो निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

नगरस्तरीय विपद् व्यवस्थापन खर्च शीर्षकबाट प्राविधिक इष्टिमेट वमोजिम खर्च भुक्तानी हुने गरी मिति २०८२/०६/१८ र १९ गतेको वर्षाबाट क्षति हुन गएको पाँचखाल न.पा. वडा नं ५ स्थित कोटदेवी मन्दिरको वाल निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ११

सुख्खाग्रस्त क्षेत्रमा खानेपानी व्यवस्थापन खर्च शीर्षकबाट प्राविधिक इष्टिमेट बमोजिम खर्च भुक्तानी हुने गरी सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिको अनुरोधमा आवश्यक ठाँउहरुमा BPT निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. १२(विविध)

१.पाँचखाल नगरपालिका वडा नं ४ स्थित भविष्य निर्माण युवा क्लवबाट आयोजना गरिने फुटवल प्रतियोगिताका लागी अन्य व्यक्ती तथा संस्था सहायता खर्च शीर्षकबाट रु.२,५०,०००/-(दुई लाख पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

२.मर्मत संभार कोष खर्च शिर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट बमोजिम देहायका योजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

-वडा नं ९ देखि १३जाने पलाञ्चोक कोशीदेखा सडक
-वडा नं ६ तिनपिप्ले रानीपानी सडक
-वडा नं ३ समाजकल्याण-जोरपाटी सडक
-वडा नं ३ लाम्डी काफलेडिही सडक
-वडा नं ४ जय कृष्ण पार्टी प्यालेस सडक
-वडा नं १२ आँपघारी सडक
-वडा नं ११ बरबन्दी सडक
-वडा नं ८ वडा कार्यालय सडक
-वडा नं ८ पाडुल्ला सुवर्णेश्वर सडक
-वडा नं ७ तामाघाट बोहोरेदोभान सडक
-वडा नं ६ ढुङ्गानावेशी धोत्रा सडक
-वडा नं २ राम्चे खानेपानी पम्प मर्मत तथा खरिद
- वडा नं ६ स्थित कल्छे ठुलीटार सडक समेत

३.विपद् व्यवस्थापन शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ६ निवासी कान्छी वि.क.लाई ४ बण्डल जस्ता उपलब्ध गराउने निर्णय गरियो।

४.विपद् व्यवस्थापन शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ६ स्थित हनुमानगढी ठाँटी सडक अन्तर्गत ठाँटीमा घर संरक्षण गर्ने निर्णय गरियो।

५.विपद् व्यवस्थापन शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ३ थुम्का स्थित गंगा मिजार र कल्पना मिजार लगायतको घर संरक्षणका लागी ढुङ्गा उपलब्ध गराउने निर्णय गरियो।

६.विविध कार्यक्रम खर्च शीर्षकबाट खर्च हुने गरी पाँचखाल नगरपालिकामा कार्यरत इलक्ट्रिसियन भुवन दनुवारको रु.५,००,०००/-(पाँच लाख) बराबरको दुर्घटना जीवन बिमा र फिल्डमा काम गरेको दिन दैनिक रु.५००/- का दरले खाना खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो।

७.आर्थिक वर्ष २०८२/८३ का लागि आवश्यक पर्ने औषधीहरु स्वास्थ्य शाखाको स्वीकृत कार्यक्रमबाट र सोमा नपुग भएमा नगर आधारभुत अस्पताल संचालन शीर्षकबाट खर्च भुक्तानी हुने गरी खरिद गर्न टेन्डर प्रकृया अघि वढाउन स्वास्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

८.प्राविधिक इष्टिमेट वमोजिम नगरस्तरीय आकस्मीक योजना शीर्षकबाट खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ११ को वडा कार्यालय देखि स्वारा सडक निर्माण गर्ने निर्णय गरियो।

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*

निर्णय प्रमाणित